# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं ५)

मितिः २०७९/०८/०५ गते

**प्रस्तावहरुः**

१. बिगतको कार्यपालिका निर्णय समीक्षा सम्बन्धमा ।
२. निवेदक हरि कुमार श्रेष्ठ र विपक्षी बेनी नगरकार्यपालिका भएको मुद्दाको प्रतिनिधि तोक्ने
३. विपद व्यवस्थापन शीर्षकमा भएको खर्च अनुमोदन(क्षति भएका घरको)
४. आफ्नो ढंगले घर बनाएका पूर्ण क्षति भएका व्यक्तिहरुलाई सहयोग सम्बन्धमा
५. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र प्रकाशित सूचना अनुमोदन गर्ने
६. ढुङ्गा गिटी बालुवा संकलन तथा उत्खनन् अनुगमन समिति गठन सम्बन्धमा
७. सार्वजनिक सुनुवाई गर्ने विषय
८. कर्मचारी बढुवा सम्बन्धी विषय
९. खबरा खानेपानी योजना सम्बन्धमा
१०.शहरी विकास सम्बन्धी निर्णय सम्बन्धमा (शीर्षक परिवर्तन)
११.राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता
१२.कार्यविधि सम्बन्धमा
१३.विविध

**निर्णयहरु**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो। नगरपालिकाबाट भएका खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. बेनी नगरपालिकाले निवर्तमान नगर प्रमुखले पदमा रहदाँ दोहोरो सुविधा लिइएको सम्बन्धमा म.ले.प.ले बेरुजु लेखेको विषयलाई लिएर बेनी नगर कार्यपालिकालाई विपक्षी बनाई निवेदक हरी कुमार श्रेष्ठले अदालतमा मुद्दा हालेकोमा बेनी नगरपालिका प्रमुख सुरत केसीको तर्फबाट र बेनी नगर कार्यपालिकाकाको तर्फबाट एकैजना प्रतिनिधिका रुपमा रहने गरी बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सहायक चौथो दिपक शर्मालाई तोक्ने निर्णय गरियो।

३. २०७७ सालको मनसुनजन्य विपदबाट घर पूर्ण क्षति भएका देहाय बमोजिमका लाभग्राहीहरुलाई नगरपालिकाको तर्फबाट साझेदारीमा व्यहोर्नुपर्ने १५ प्रतिशत रकम बापत समपुरक कोषबाट भुक्तानी गरिएको रकम रु २ लाख २५ हजार रुपैयाँको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

   क. किशोर बानियाँ, बेनपा ६
   ख. चिन बहादुर खत्री, बेनपा ९
   ग. बिना शाही, बेनपा ६
   घ. रामप्रसाद सुवेदी, बेनपा ६
   ङ. सेक बहादुर बरुवाल, बेनपा ६

४. २०७७ सालको मनसुनजन्य विपदबाट पूर्ण क्षति भएका घरहरु निर्माणको क्रममा तोकिए बमोजिमको मापदण्ड पूरा नगरेका लाभग्राहीहरुले तोकिए बमोजिमको अनुदान रकम प्राप्त नगर्ने जानकारी जिल्ला विपद व्यवस्थापन समितिबाट प्राप्त भएकोमा [stamp] ज व्यक्तिहरुले मापदण्ड आउनुभन्दा अगावै घर बनाएका एवं निर्धारित मापदण्ड पूरा नगरेतापनि घर

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी. नगर प्रमुख

निर्माणमा रकम खर्च गरेको अवस्था र उक्त नागरिकहरुको आर्थिक समाजिक अवस्था समेत विश्लेषण गरी नागरिकको नजिकको सरकारका रुपमा रहेको स्थानीय तहको तर्फबाट राहत स्वरुप जनही रु २ लाखका दरले रकम उपलब्ध गराउने निर्णय गरियो।

| सि नं | लाभग्राहीको नामथर | ठेगाना | घर पुनर्निर्माणमा खर्च गरेको प्राविधिक मूल्याङ्कन बापतको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शर्मिला घर्ती | बेनपा ६ | ४६४०२०.३४४ | |
| २ | चन्द्र बहादुर खत्री | बेनपा ५ | २८२३०१.३८३ | |
| ३ | नर बहादुर दर्जी | बेनपा २ | ४६०३०१.१०१५ | |
| ४ | याम बहादुर भण्डारी | बेनपा ४ | ८०९३९४.६१५ | |
| ५ | सुनिता सार्की | बेनपा ८ | ५८२६७९.३७ | |

५. बेनी नगरपालिका अन्तर्गत भएर बहने खोलाहरुबाट ढुङ्गा गिटी बालुवा संकलन र उत्खनन् गर्ने प्रयोजनका लागि मिति २०७९/०७/०६ गतेको कार्यपालिकामा दिइएको सुझाव समेतलाई समावेश गरी PACT Consult Pvt. Ltd ले तयार पारेको प्रारम्भिक वातावरणीय परीक्षण को अन्तिम प्रतिवेदनलाई पारित गर्ने भन्ने मिति २०७९/०७/२९ को नगरप्रमुखज्यूबाट भएको निर्णयलाई अनुमोदन गर्ने एवं सोही निर्णयानुसार चालु आ.व. २०७९/०८० मा ढुङ्गा गिटी बालुवा संकलन तथा उत्खनन गर्ने सम्बन्धी यस कार्यालयबाट मिति २०७९/०७/३० मा प्रकाशित सूचना समेतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिका क्षेत्रको नदी बगरको ढुङ्गा, गिट्टि तथा वालुवा उत्खनन कार्यको अनुगमन गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो।

क) नगर प्रमुख, बेनी नगरपालिका - संयोजक
ख) नगर उपप्रमुख, बेनी नगरपालिका - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत, बेनी न.पा. - सदस्य
घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
ङ) पूर्वाधार विकास शाखा प्रमुख, बेनी नगरपालिका - सदस्य
च) लेखा अधिकृत, बेनी नगरपालिका - सदस्य
छ) योजना अधिकृत, बेनी नगरपालिका -सदस्य
ज) राजस्व शाखा प्रमुख, बेनी नगरपालिका - सदस्य सचिव

७. बेनी नगरपालिकाको आ.व. २०७९/०८० को पहिलो चौमासिकको सार्वजानिक सुनवाई मिति २०७९/०९/०४ गते बेनी नगरपालिका, वडा नं. ४, तातोपानीमा गर्ने निर्णय गरियो।

८. बेनी नगरपालिका, वडा नं. २ मा सञ्चालित खबरा खानेपानी योजनाका सम्बन्धमा गत आव मा ठेक्का लागइएको योजनालाई मिति २०७९/०३/२७ गतेको कार्यपालिकाको निर्णय अनुसार म्याद थप गरिएकोमा गत आ.व. २०७८/०७९ मा निकासा भएको रकम फ्रिज भएको र गत वर्षको बाँकी कामको भुक्तानी हुनुपर्ने रकम रु ४१ लाख ६० हजार ८६ रुपैया ९ पैसा चालु आवमा नेपाल सरकारबाट विशेष अनुदान अन्तर्गत प्राप्त भएको रकम रु ९१ लाख मध्येबाट खर्च लेखी बाँकी रहन आउने रकम रु ४९ लाख ३० हजार ९ सय १३ रुपैयाँ ९१ पैसा बाट चालु आ.व.मा सम्पन्न हुनसक्ने कार्यको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

९. बेनी नगरपालिकाको आ. व. २०७९/०८० का लागि सामाजिक विकास समिति तर्फबाट विनियोजित रकम रु १३ लाख ५० हजार रुपैयाबाट खर्च गर्ने गरी राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता कार्यक्रम २०७९ पुस १७,१८ र १९ गते बेनीमा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

१०. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (चौथो संसोधन) अनुसार बेनी नगरपालिकाको स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति अन्तर्गत रहने गरी देहायको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन उपसमिति गठन गर्ने निर्णय गरियो।

क) श्री कृष्ण कुमार विश्वकर्मा, कार्यपलिका सदस्य, बेनी नगरपालिका - संयोजक
ख) श्री रमेश कुमार श्रेष्ठ, वडा अध्यक्ष, बेनी नगरपालिका-७ - सदस्य
ग) श्री उत्तम कुमार कर्माचार्य, वडा अध्यक्ष, बेनी नगरपालिका-८ - सदस्य
घ) श्री कृष्ण बहादुर बानियाँ, वडा अध्यक्ष, बेनी नगरपालिका-६ - सदस्य
ङ) श्री चक्र बहादुर के.सी., वडा अध्यक्ष, बेनी नगरपालिका-९ - सदस्य
च) श्री कमल प्रसाद ढकाल, शिक्षा अधिकृत, बेनी नगरपालिका - सदस्य सचिव

११. गण्डकी प्रदेश सरकारबाट जारी "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम यस बेनी नगरपालिकामा कार्यरत देहायका कर्मचारीहरुलाई निम्नानुसारको तहमा वृद्धि गर्ने निर्णय गरियो ।

| सि नं | कर्मचारीको नामथर | हालको पद | हालको तह | वृद्धि हुने तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | विमलरञ्जन कार्की | इन्जिनियर | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | |
| २ | कमलप्रसाद ढकाल | शिक्षा अधिकृत | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | |
| ३ | कृष्णप्रसाद सुवेदी | योजना अधिकृत | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | |
| ४ | गोकुल शर्मा | लेखा अधिकृत | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | |
| ५ | प्रदीप गौतम | पशु स्वास्थ्य प्राविधिक | सहायक पाँचौं | अधिकृतस्तर छैठौं | |
| ६ | गोपाल मगर | सव-इन्जिनियर | सहायक पाँचौ | अधिकृतस्तर छैठौं | |
| ७ | रेणुका बज्राचार्य | सहायक | सहायक पाँचौं | अधिकृतस्तर छैठौं | |
| ८ | आराम थापा मगर | वडा सचिव | सहायक पाँचौं | अधिकृतस्तर छैठौं | |
| ९ | प्रभा शर्मा | सहायक | सहायक पाँचौं | अधिकृतस्तर छैठौं | |
| १० | याम बहादुर थापा मगर | वडा सचिव | सहायक पाँचौं | अधिकृतस्तर छैठौं | |
| ११ | कृष्ण बहादुर बानिया | वडा सचिव | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |
| १२ | रमेश पौडेल | वडा सचिव | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |
| १३ | चन्द्रदत्त शर्मा | सहायक | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |
| १४ | रत्न बहादुर केसी | सलेपा | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |
| १५ | राजाराम शर्मा | वडा सचिव | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |
| १६ | सरस्वती ढकाल | सहायक | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |
| १७ | विष्णु पौड्याल | अ.स.इ. | सहायक चौथो | सहायक पाँचौं | प्र.प्र.अ.लाइ आदेश दिने |

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

१२. बेनी नगरपालिकाको कार्यलाई सहज र सरल बनाउन देहाय बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

क. बेनी नगरपालिकाको अति विपन्न जेहन्दार दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७९

ख. बेनी नगरपालिकाको गणित/विज्ञान अध्ययन लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७९

ग. बेनी नगरपालिकाको सहकारी संस्था अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यविधि, २०७९

१३.चालु आर्थिक वर्ष २०७९/०८० को सामाजिक विकास समिति तर्फ प्रधानाध्यापकहरुका लागि नमूना विद्यालय अवलोकन भ्रमण कार्यक्रममा विनियोजन भएको बजेट अपुग हुने भएको भनी नगर शिक्षा समितिबाट रकम थपका लागि निर्णय सहित अनुरोध भई आएकोले बेनी नगरपालिकाको सञ्चित कोषबाट खर्च गर्ने गरी रु १ लाख थप गर्ने निर्णय गरियो ।

१४.आगामी मंसिर २० देखि २४ गतेसम्म म्याग्दी जेसीजको तर्फबाट म्याग्दी जिल्लास्तरीय अन्तर मा.वि. जेसिज कप फुटबल प्रतियोगिता आयोजना गरिएको हुँदा उक्त कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट रु २५ हजार सहयोग गर्ने निर्णय गरियो ।

१५.भू उपयोग ऐन, २०७६ तथा नियमावली २०७९ बमोजिम यस नगरपालिका अन्तर्गत रहेका जग्गाहरुको वर्गीकरण गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने सम्पर्क व्यक्तिको रुपमा योजना अधिकृत कृष्ण प्रसाद सुवेदीलाई तोक्ने निर्णय गरियो ।

१६.बेनी नगरपालिका अन्तर्गतबाट प्रवाह हुने पशु स्वास्थ्यसँग सम्बन्धित सेवा र वडास्तरमा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तयारी, सुपरिवेक्षण एवं मूल्याङ्कनका लागि हाल कार्यरत प्राविधिक जनशक्तिहरुको अपर्याप्तता रहेका कारण देहाय बमोजिमका पदहरुमा लोक सेवा आयोगबाट अर्को जनशक्ति खटिई नआउन्जेलसम्मका लागि करारमा भर्ना गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

| | |
|---|---|
| क) नायब पशु स्वास्थ्य प्राविधिक | संख्या १(एक) |
| ख) इन्जिनियर | संख्या १(एक) |
| ग) सव-इन्जिनियर | संख्या ३(तीन) |

१७.बेनी नगरपालिका र वान हार्ट इन्टरनेशनलको सहयोगमा बेनी नगरपालिका वडा नं ३ भकिम्लीमा निर्माणाधीन बर्थिङ सेन्टर निर्माणको कार्य प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनका कारण समयमा सम्पन्न हुन नसकेकोले म्याद थपका लागि अनुरोध भई आएकोले ३० दिन म्याद थपका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१८. बेनी नगर कार्यपालिकाको मिति २०७९/०५/२१ गतेको निर्णयानुसार चालु आ.व. २०७९/०८० मा कार्यान्वयन हुने गरी सङ्घीय सरकारबाट प्राप्त भएको सशर्त अनुदान तर्फबाट गाँजने नयाँगाउँ ढोलथान पुलाडाँडा खानेपानी योजना र पात्लेखेत काछलुङ खानेपानी योजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पी.आर.) तयार गर्नका लागि उक्त योजनाको लागि केन्द्रबाट प्राप्त अनुदान मध्ये बोलपत्र आव्हानबाट न्यूनतम कबोल गरिएको अङ्कबाट बाँकी रहने रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१९. शहरी विकास तथा भवन निर्माण विभाग आयोजना कार्यान्वयन ईकाई बाग्लुङबाट बेनी नगरपालिका अन्तर्गतको शहरी पूर्वाधार विकास शीर्षकमा विनियोजन भएको रकमबाट जिल्ला समन्वय समिति देखि नगरपालिका गेटसम्मको नाली व्यवस्थापन र सडक मर्मत गर्न गराउन अनुरोध गर्ने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३



सुरत के.सी.
नगर प्रमुख

२०. बेनी नगर कार्यपालिकाको मिति २०७९/०७/०६ गतेको निर्णयानुसार भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ बमोजिम यस नगरपालिका अन्तर्गत रहेका विभिन्न जग्गाहरुको वर्गीकरण गर्नका लागि प्राविधिक जनशक्तिको सेवा करारमा लिने निर्णय भए बमोजिम पञ्चदेवल-२, अछाम स्थायी ठेगाना भएका जुल्फे न्यौपानेका छोरा हेमाङ्क राज न्यौपानेको सेवालाई बढीमा ३(तिन) महिनाका लागि करारमा लिने निर्णय गरियो ।

२१. सार्वजनिक जग्गाको भाडा निर्धारण तथा बक्यौता असुल उपर समितिको मिति २०७९/०७/११ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

२२. बेनी नगरपालिकाभित्रको फोहरमैला संकलन तथा व्यवस्थापनमा सहजीकरण गर्न, फोहर वर्गीकरण गरी फोहरको सहज बिसर्जन गर्ने कार्यमा सहयोग पुर्याउन टोल विकास संस्थाहरुलाई प्रोत्साहित गर्ने र फोहरमैलाको कर संकलनमा सहयोग पुर्याउने टोल विकास संस्थालाई यसरी उठाएको कुल कर रकमको १० प्रतिशत रकम उपलब्ध गराउने २०७७/१०/०५ गतेको कार्यपालिकाबाट निर्णय भएकोमा धेरै टोल विकास संस्थाहरुले कर संकलनको कार्यमा उदासिन देखिएको हुँदा उक्त १० प्रतिशत रकमलाई २५ प्रतिशत कायम गरी टोल विकास संस्थाको नेतृत्वमा फोहरमैला कर संकलन कार्य अघि बढाउने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख